# वार्षिक विकास कार्यक्रम तथा बजेट (मध्यमकालीन खर्च संरचना समेत) तयार गर्नेसम्बन्धी मार्गदर्शन, २०७३

आर्थिक वर्ष २०७४/७५ - २०७६/७७ सम्मको मध्यमकालीन खर्च संरचना (Medium Term Expenditure Framework) सहित आ.व. २०७४/७५ को वार्षिक बजेट तथा कार्यक्रम तयार गरी २०७३ फागुन १८ गतेभित्र राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा प्रस्तुत गर्ने प्रयोजनका लागि स्रोत समिति तथा आयोगको मिति २०७३/१०/१० को निर्णयानुसार निम्न बमोजिमको मार्गदर्शन (Guidelines) जारी गरिएको छ ।

## (क) समष्टिगत मार्गदर्शन

१. योजना तथा कार्यक्रम प्रस्ताव गर्दा चौधौं योजना (२०७३/७४-२०७५/७६) मा उल्लेखित दीर्घकालीन सोच, उद्देश्य, लक्ष्य, रणनीति र प्राथमिकताभित्र रहेर समष्टिगत तथा विषयगत क्षेत्रका नतिजा सूचकहरुमा निर्दिष्ट रणनीतिक लक्ष्य हासिल गर्न प्रत्यक्ष योगदान पुग्ने गरी कार्यक्रम प्रस्ताव गर्ने । सो क्रममा योजना दस्तावेजमा उल्लिखित कार्यक्रम कार्यान्वयनलाई प्राथमिकता दिने ।

२. आगामी आ.व. भित्र नै सम्पन्न गर्न सकिने, उच्च प्रतिफल दिने र तत्काल आर्थिक-सामाजिक लाभ प्राप्त गर्न सकिने चालु आयोजना/कार्यक्रमहरूलाई प्राथमिकता दिई वार्षिक कार्यक्रम प्रस्ताव गर्ने ।

३. वार्षिक कार्यक्रम तथा बजेट प्रस्ताव गर्दा क्रमश: मर्मत तथा सम्भार, चालु र क्रमागत बहुवर्षीय ठेक्का सम्झौता भएका आयोजना तथा कार्यक्रमको लागि पर्याप्त विनियोजन प्रस्ताव गरेर मात्र नयाँ कार्यक्रम तथा आयोजना (राष्ट्रिय गौरवका आयोजनासमेत) समावेश गर्ने । बहुबर्षीय ठेक्का लगाएका आयोजना/कार्यक्रमहरूमा आगामी तीन आर्थिक वर्षको स्वीकृत बजेट सीमाको परिधिभित्र रहेर प्रत्येक वर्षको लागि बजेट प्रस्ताव गर्ने र मध्यमकालीन खर्च संरचनामा सोको पुष्ट्याइँ पेश गर्ने । साथै प्रत्येक बजेट शीर्षक/उपशीर्षकको लागि आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २०(२) मा उल्लेख भए बमोजिमको विवरण समेत संलग्न गर्ने ।

४. जिल्लास्तरमा कार्यालय नभएका मन्त्रालयहरूले जिल्लास्तरमा सञ्चालन हुने कार्यक्रम प्रस्तुत गर्दा सोको जिल्लागत बजेट बाँडफाँडको आधार र कार्यान्वयन प्रक्रिया पेश गर्नुपर्ने । जिल्लामा कार्यान्वयन स्थान रहने कार्यक्रम तथा आयोजनाहरू केन्द्रीय बजेट शीर्षक र उप-शीर्षक अन्तर्गत प्रस्ताव नगर्ने ।

५. मुलुकको नयाँ संघीय संरचना अनुकूल हुने गरी तथा कम्तीमा प्रस्तावित सो संरचना प्रतिकूल नहुने गरी विकास/प्रशासनिक कार्यक्रम र भौतिक संरचनाहरूको प्रस्ताव गर्ने ।

६. बजेट प्रस्ताव गर्दा लागत प्रभावकारिता र मितव्ययितालाई प्रमुख सिद्धान्तको रुपमा अवलम्बन

गर्ने । भैपरी शीर्षकमा बजेट प्रस्ताव नगरिने । नयाँ कार्यालयबाहेक अन्य कार्यालयमा कुनै किसिमका सवारी साधन खरिद नगर्ने । समान प्रकृतिका स-साना आयोजनाहरू गाभ्ने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

७. बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुपूर्व अनुसूची १ मा संलग्न मध्यमकालीन खर्च संरचना तर्जुमाको खाका अनुसारको विवरण अनिवार्य रुपमा तयार गरी पेश गर्ने र सो अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गरी प्रस्ताव गर्ने । साथै राष्ट्रिय योजना आयोगमा हुने कार्यक्रमगत छलफलमा मध्यमकालीन खर्च संरचनाले निर्धारण गरेको लक्ष्य र प्रस्तावित बजेटबीचको सम्बन्धलाई स्पष्ट व्याख्या गर्ने ।

८. प्रत्येक कार्यक्रम/आयोजनाको प्राथमिकता संकेत (१, २ वा ३), लैङ्गिक उत्तरदायी संकेत (१, २ वा ३), गरीबी निवारण संकेत (१ वा २), रणनीतिक संकेत (१-६), जलवायु परिवर्तन संकेत (१, २ वा ३) र दिगो विकास लक्ष्य संकेत (१-१७) उल्लेख गर्ने । प्राथमिकता संकेत उल्लेख गर्दा अनुसूची २ मा संलग्न आयोजना प्राथमिकीकरणका निर्धारित आधार अनुसार प्रत्येक कार्यक्रम/आयोजना कुन प्राथमिकता क्रम (१, २ वा ३) मा पर्ने हो आधिकारिक निर्णयसहित पेश गर्ने ।

९. कुन कामका लागि को जिम्मेवार हुने र कुन क्रियाकलाप कहिले सम्पन्न गरिने हो सोको स्पष्ट वार्षिक कार्यान्वयन योजना, खरिद योजना र मन्त्रालयगत/निकायगत अनुगमन तथा मूल्याङ्कन योजनाको मस्यौदासमेत कार्यक्रम तथा बजेटसँगै संलग्न गर्ने ।

१०. कार्यक्रम तथा बजेट प्रस्तावको मस्यौदा चरणदेखि नै मन्त्रालयगत बजेट सूचना प्रणाली (Line Ministry Budget Information System) मा वार्षिक विकास कार्यक्रम, प्रतिफल फारम, खरिद योजना लगायतका विवरणसहित कार्यक्रम तथा बजेट अनिवार्य रुपमा प्रवृष्टि गर्ने । राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा छलफल हुनुभन्दा अगावै अनिवार्य रुपमा सम्बन्धित निकायले बजेट छलफल गर्ने व्यवस्था मिलाउने, उक्त छलफलमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयको प्रतिनिधि आवश्यक भएमा उपस्थितिको व्यवस्था मिलाउने र छलफलको निर्णय समेत राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा पठाउने ।

११. समग्रमा, जिल्लास्तरमा विनियोजन तथा कार्यक्रम प्रस्ताव गर्दा देहायका विषय/पक्षलाई निम्न पूर्णाङ्क मानी सोही आधारमा प्रस्ताव गर्ने ।

(क) भूगोल (क्षेत्रफल) - २० प्रतिशत

(ख) गरिबी (मानव विकास सूचकाङ्क) - ३२.५ प्रतिशत

(ग) जनसंख्या - ४० प्रतिशत

(घ) सेवा प्रवाह लागत - ७.५ प्रतिशत

## (ख) आयोजना छनौट, कार्यान्वयन तथा अनुगमनसम्बन्धी

१२. अर्को मन्त्रालय वा निकायका आयोजना तथा कार्यक्रमको कार्यान्वयन र उद्देश्य हासिल गर्न मद्दत पुऱ्याउने, सहकारी र निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने, सरकारी–निजी क्षेत्रको सहकार्यलाई सहयोग गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन सहयोग पुग्ने कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिने ।

१३. एउटै जिल्लामा मात्र कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनाहरु केन्द्रीय बजेट शीर्षक/उप-शीर्षक अन्तर्गत प्रस्ताव नगर्ने ।

१४. कार्यक्रम/आयोजना तयार गर्दा सरकारी स्रोत र साधनको समुचित उपयोग हुने, खर्च प्रणालीलाई विश्वसनीय, भरपर्दो र व्यावहारिक बनाउने तथा बजेट विनियोजन प्रक्रियालाई कुशल एवम् क्रियाकलापमा आधारित बनाउने विषयलाई विशेष महत्व दिने ।

१५. पूर्व सम्भाव्यता/सम्भाव्यता अध्ययन नभएका, विस्तृत डिजाइन नगरिएका, जग्गा प्राप्त भई नसकेका, वातावरणीय प्रभाव मूल्यांकन भइनसकेका, रेखाङ्कन/नक्साङ्कन नभएका र पौष मसान्तसम्म ठेक्का सम्झौता सम्पन्न हुन नसक्ने (खासगरी निर्माणसँग सम्बन्धित) कार्यक्रम तथा आयोजनाको लागि बजेट तथा कार्यक्रम प्रस्ताव नगर्ने ।

१६. आयोजना दस्तावेज (Project Document) का आधारमा मात्र बजेट छलफल गरिने हुँदा छलफलका बखत सो दस्तावेज अनिवार्य रुपमा प्रस्तुत गर्ने र आयोजना दस्तावेज तयार नभएका आयोजना/कार्यक्रमहरुको लागि बजेट प्रस्ताव नगर्ने ।

१७. बहुबर्षीय ठेक्का लगाएका आयोजना/कार्यक्रमहरुमा स्वीकृत बजेट सीमाको परिधिभित्र रहेर बजेट प्रस्ताव गर्ने ।

१८. आर्थिक कार्यविधि नियमावली, २०६४ को अनुसूची ३ मा उल्लेख भए बमोजिमको विवरण तयार भई स्वीकृत नभएका कार्यक्रम तथा आयोजनाको लागि बजेट प्रस्ताव नगर्ने ।

१९. औचित्यता तथा आवश्यकता हेरी प्राथमिकताको आधारमा कार्यक्रममा प्रस्ताव गर्ने । त्यस्ता आयोजनाको संख्या धेरै भए आवश्यकताको आधारमा धेरै आयोजनालाई एउटैमा समावेश गरी साधनको सुनिश्चितता हुने गरी कार्यक्रम प्रस्ताव गर्ने ।

२०. आगामी वर्षको वार्षिक कार्यक्रमलाई व्यवस्थापिका संसद्मा वार्षिक बजेट प्रस्तुत हुनु अगावै राष्ट्रिय योजना आयोगमा हुने राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा सम्बन्धित मन्त्रालयको संयुक्त बैठक तथा छलफलबाट अन्तिम रुप दिइने हुँदा पछी कमभन्दा कम संशोधन गर्नुपर्ने गरी कार्यक्रमको आवश्यकता, कार्यान्वयनमा लैजान चाहिने सम्पूर्ण आधारभूत कुराहरु, साधनको सुनिश्चितता तथा अनुगमन एवम् मूल्याङ्कनको आधार निश्चित गरी मन्त्रालयगत सीमा (नेपाल सरकार र वैदेशिक

सहायता) भन्दा बढीको बजेट तथा कार्यक्रम प्रस्ताव नगर्ने ।

२१. सम्माननीय प्रधानमन्त्रीले व्यवस्थापिका-संसद्मा गर्नु भएको सम्बोधनको कार्यान्वयन गर्न तयार भएको कार्ययोजनामा उल्लिखित क्रियाकलापहरुको कार्यान्वयन चालु आ.व.२०७३/७४ मा सम्बन्धित मन्त्रालय तथा निकायहरुका विभिन्न उप-शीर्षकमा विनियोजित बजेट वा बजेटमध्ये खर्च नहुने देखिएको रकमबाट गर्ने । सो सम्भव नभएमा आगामी आ.व.को कार्यक्रम तथा बजेट तयार गर्दा आवश्यक रकम प्रस्ताव गर्ने ।

२२. विकास कार्यक्रम तथा आयोजनाहरुको प्रगति विवरण अनिवार्य रुपमा आयोजना कार्यसम्पादन सूचना प्रणाली (Project Performance Information System- PPIS) नामक सफ्टवेयरमार्फत पठाउने व्यवस्था गर्ने ।

## (ग) विविध

२३. जिल्लास्तरीय आयोजना/कार्यक्रमसम्बन्धी वार्षिक कार्यक्रम पुस्तिका आयोगबाट प्रकाशन नगरिने हुँदा निक्षेपित भएका तथा नभएका जिल्लास्तरीय आयोजना/कार्यक्रमको महत्व, औचित्य, आवश्यकता तथा प्राथमिकताको आधारमा प्रस्ताव गर्ने । आयोजना/कार्यक्रमको संख्या धेरै भए आवश्यकताको आधारमा धेरै आयोजना/कार्यक्रमलाई एक आपसमा गाभी साधनको पर्याप्तता र सुनिश्चितता हुने गरी कार्यक्रम प्रस्ताव गर्ने । राष्ट्रिय योजना आयोगमा हुने बजेट छलफलका समयमा नै निक्षेपित भएका तथा नभएका जिल्लास्तरीय आयोजना/कार्यक्रमको नाम र विनियोजनसहितको वार्षिक कार्यक्रमसमेत पेश गर्नुपर्ने ।

२४. समग्रमा वार्षिक कार्यक्रम प्रस्ताव गर्दा खर्च गर्ने क्षमता तथा कार्यान्वयन क्षमता सुदृढीकरण जस्ता पक्षलाई ध्यानमा राखेर प्रस्ताव गर्ने ।

*पुनश्च:* हाल राज्य पुनर्संरचना सम्बन्धी कार्य अगाडि बढिरहेको सन्दर्भमा सङ्घ, प्रदेश र स्थानीय तहको कार्यगत संरचना स्पष्ट भएपछि सोही अनुरुप हुनेगरी बजेट तथा कार्यक्रम समायोजन हुनेछ ।